annapurnapost.com

अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक ७१ पृष्ठ ८ | काठमाडौं, बुधबार २५ असार २०८२ | आषाढ शुक्लपक्ष चतुर्दशी नेपाल संवत् ११४५ | WEDNESDAY, JULY 9, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०



कभर स्टोरी

# तिब्बतमा भारी वर्षा, रसुवामा बाढीको बितन्डा
## ९ को मृत्यु, १९ बेपत्ता

जब बर्खा लाग्छ, बाढी र पहिरो बितन्डा मच्चिन्छ। ठूलो धनजनको क्षति हुन्छ। वर्षौंदेखि मुलुकले भोगिरहेको नियत यही हो। यसपटक तिब्बतमा परेको पानीले रसुवा र आसपासका क्षेत्रमा ठूलो धनजनको क्षति गरेको छ। विपत्तबाट हुने जोखिम न्यूनीकरण र पूर्वतयारीका लागि सरकारले पर्याप्त पहल गर्नुपर्ने यो घटनाले देखाएको छ।

भोटेकोशीमा आएको बाढीले नेपाल-चीन जोड्ने मितेरी पुल बगाएपछि दुई देशको सम्पर्क नै टुटेको छ। । ● अन्नपूर्ण

हेमनाथ खतिवडा | रसुवा
देवचन्द्र भट्ट | नुवाकोट
सुन्दर शिरिष | सिन्धुपाल्चोक
– को रिपोर्ट

समाचार पृष्ठ २

**सम्पर्कविहीन**
**१९ जना**
(प्रहरी २, चिनियाँ ६ र सर्वसाधारण ११)

**मृत्यु**
**९ जना**
(धादिङ ५, नुवाकोट २, रसुवा १ र चितवन १)

**उद्धार गरिएको**
**५७ जना**
(नुवाकोट २, रसुवा ५५)

**प्रभावित गाउँपालिका**
**४ वटा**
(गोसाइँकुण्ड, आमाछोदिङ्मो, उत्तरगया र कालिका गाउँपालिका

**प्रहरी परिचालन**
**३८३ जना**
(धादिङ १५३, नुवाकोट ९५, रसुवा १२० र चितवन १५)

**भौतिक क्षति**

| | |
|---|---|
| कन्टेनर | २४ |
| ईभी गाडी | ३५ |
| सिनो ट्रक | ६ |

त्रिशूली थ्रीबी हब स्टेसनका टावरहरू र पर्खाललगायतका भौतिक संरचनामा क्षति

## अमेरिकाले युक्रेनमा थप हतियार पठाउने



**वासिङ्टन** (एजेन्सी): रूसले आफ्नो छिमेकी विरुद्धको युद्धमा नयाँ लाभ हासिल गरेको दाबी गरेपछि राष्ट्रपति डोनाल्ड ट्रम्पले सोमबार अमेरिकाले युक्रेनमा थप हतियार पठाउने बताए। ट्रम्पको घोषणा वासिङ्टनले गत साता किएभलाई केही हतियार ढुवानी रोकेको बताएपछि आएको हो। हतियार ढुवानीको रोकले युक्रेनी अधिकारीहरूलाई अचम्ममा पारेको थियो र स्पष्टताका लागि संघर्ष गर्न बाध्य बनाएको थियो।

तीन वर्षभन्दा बढी समयको युद्धमा रुसको सबैभन्दा ठूलो क्षेप्यास्त्र र ड्रोन आक्रमणको सामना गरिरहेको किएभका लागि यो रोकावटले सम्भावित गम्भीर चुनौती खडा गरेको छ।

'हामीले थप हतियारहरू पठाउनु पर्नेछ- मुख्यतया रक्षात्मक हतियारहरू', ट्रम्पले ह्वाइट हाउसमा पत्रकारहरूलाई युक्रेनका बारेमा भने, 'उनीहरूलाई धेरै-धेरै कडा चोट लागेको छ।' साथै उनले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग 'खुसी नभएको' बताए।

पुटिनले सन् २०२२ मा युक्रेनमा पूर्ण आक्रमण सुरु गरेका थिए र ट्रम्पको दबाबका बाबजुद द्वन्द्व अन्त्य गर्न थोरै इच्छा देखाएका छन्। मस्कोले सोमबार आफ्ना बलहरूले महिनौंसम्म अगाडि बढेपछि युक्रेनको मध्य डनिप्रोपेत्रोभस्क क्षेत्रमा पहिलो गाउँ कब्जा गरेको बताएपछि अमेरिकी राष्ट्रपतिले युक्रेनलाई थप हतियारहरू पठाउने प्रतिज्ञा गरेका हुन्।

घोषणा हुनुअघि रुसले युक्रेनको सैन्य भर्ती केन्द्रहरूसहित नयाँ ठूलो मात्रामा ड्रोन र मिसाइल आक्रमण सुरु गरेको थियो। किएभले पनि मस्को क्षेत्रमा रहेको रूसी गोलाबारुद कारखानामा ड्रोन आक्रमण गरेको बताएको छ।

रुसले आफ्ना बलहरूले डनिप्रोपेत्रोभस्क क्षेत्रको डाच्ने गाउँ कब्जा गरेको बताएको छ। उक्त गाउँ एक महत्वपूर्ण औद्योगिक खानी क्षेत्र हो र यसले बढ्दो रुसी हवाई आक्रमणको सामना गरिरहेको छ। गत महिना, मस्कोले आफ्ना बलहरूले आफ्नो अभियानमा पहिलो पटक डनिप्रोपेत्रोभस्क क्षेत्रको सिमाना पार गरेको बताएको थियो। रुसी बलहरूले हालैका महिनाहरूमा क्षेत्रीय सिमाना पार गर्नुलाई मुख्य रणनीतिक उद्देश्य बनाएको देखिन्छ र त्यहाँ गहिरो अग्रगतिले युक्रेनका लागि रसद र आर्थिक समस्याहरू खडा गर्न सक्छ।

# अध्यागमन क्षेत्रमा कडाइ

**अन्नपूर्ण** | *काठमाडौं*

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अध्यागमन क्षेत्रमा अब अनुमतिबिना कोही प्रवेश गर्न पाउने छैनन्। त्रिभुवन विमानस्थल अध्यागमन कार्यालयले उक्त क्षेत्रलाई व्यवस्थित, सुरक्षित र दक्ष बनाउने उद्देश्यले स्पष्ट निर्देशन जारी गर्दै अनधिकृत प्रवेशलाई पूर्णरूपमा निषेध गर्ने निर्णय गरेको हो।

कार्यालयका प्रमुख अध्यागमन अधिकृत विष्णुप्रसाद कोइरालाका अनुसार अन्तर्राष्ट्रिय विमानस्थलको आगमन क्षेत्र (सी) र प्रस्थान क्षेत्र (बी) मा सम्बद्ध अधिकारीको अनुमतिबिना प्रवेश गर्नेलाई कडा कारबाही गरिनेछ। विशेषगरी 'बी' क्षेत्र अर्थात् प्रस्थान स्थानमा यात्रु नहुँदा पनि आफन्त वा कर्मचारी प्रवेश गर्ने, अध्यागमन अनुमति नलिई काम गर्ने कर्मचारीहरू अनधिकृत मानिनेछन्। यस्तो अवस्था दोहोरिएमा सम्बन्धित व्यक्तिविरुद्ध तुरुन्त कारबाही अघि बढाइने उल्लेख छ।

### अनधिकृत प्रवेश नियन्त्रणका लागि प्रष्ट निर्देशन

नयाँ निर्देशिका अनुसार अध्यागमन परिसरमा उपस्थित अध्यागमन अधिकारी वा प्रहरी बिना प्रवेश निषेध गरिएको छ। कोही यात्रु भए पनि अनुमतिबिना भित्र पसेका खण्डमा एयरलाइन्स कम्पनीहरू र तिनका कर्मचारीलाई जिम्मेवार बनाइनेछ।



### प्राविधिक सुधारका योजना

अनधिकृत प्रवेश नियन्त्रणसँगै कार्यालयले अध्यागमन सेवामा व्यापक सुधार ल्याउन सुरु गरेको छ। अध्यागमनको सेवा प्रवाहलाई छरितो, पारदर्शी र प्रविधिमैत्री बनाउने उद्देश्यले 'नेपाली पोर्ट' नामको डिजिटल प्रणाली लागू गरिएको छ।

यस प्रणालीअन्तर्गत अबदेखि विदेशी नागरिकको आगमन र प्रस्थानको सम्पूर्ण प्रक्रिया डिजिटल ढाँचामा हुनेछ। कार्यालय प्रमुख कोइरालाद्वारा जारी विज्ञप्तिअनुसार सेवा प्रवाह सहज बनाउन सिटिजनसिप म्यानेजमेन्ट इन्फर्मेसन सिस्टम (सीएमइएस), भाइटल रजिस्ट्रेसन सिस्टम (भीआरएस) लगायत प्रणाली एकीकृत गरिएका छन्। थप रूपमा अध्यागमन कक्षमा उच्च गतिको प्रोसेसरयुक्त कम्प्युटर, टच डेस्कटप पीसी, जैविक विवरण संकलन गर्ने उपकरण, अनलाइन भिसा प्रणाली, अनलाइन भुक्तानी, र पेपरलेस प्रोसेस पनि लागू गरिने भएको छ।

### पर्यटक ट्र्याकिङ र निगरानी

कार्यालयले देश प्रवेश गर्ने विदेशी पर्यटकहरूको आगमनदेखि प्रस्थानसम्म ट्र्याक गर्न 'टुरिष्ट ट्र्याकिङ सिस्टम' सञ्चालनमा ल्याउने भएको छ। यस प्रणालीमार्फत विदेशी पर्यटकको आवागमन विवरण 'नेपाली पोर्ट' मा अध्यागमन सूचना प्रणालीमार्फत अपडेट हुनेछ।

ट्र्याकिङ प्रणाली लागू भएपछि पर्यटक कहिले नेपाल भित्रिए, कहिले बाहिरिए, कुन क्षेत्रमा गएका छन् भन्ने विवरण अध्यागमन अधिकारीलाई सहजै उपलब्ध हुनेछ। यसले पर्यटकको सुरक्षा, आपतकालीन उद्धार, र व्यवस्थापनमा महत्वपूर्ण सहयोग पुग्ने अपेक्षा गरिएको छ।

'टुरिष्ट ट्र्याकिङ सिस्टम' लाई 'नेपाली पोर्ट' मा एकीकृत गरिनेछ जसबाट अध्यागमन, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबीच सहकार्यमा स्पष्टता र समन्वय हुनेछ।

### गैरजिम्मेवार कर्मचारीलाई कारबाही

यदि अध्यागमनमा कार्यरत कुनै कर्मचारीको लापरबाही, सेवा प्रवाहमा बाधा, यात्रुलाई असहज बनाउने व्यवहार वा निर्देशनको उल्लंघन भएको पाइएमा तत्काल विभागीय कारबाही गरिने उल्लेख छ। यस्तो कार्यले समग्र अध्यागमन सेवालाई असर पार्ने भएकाले यात्रु, एयरलाइन्स, तथा सरोकारवाला निकायलाई सतर्कता अपनाउन भनिएको छ। कार्यालयले यात्रुबाट आउने गुनासोलाई गम्भीरतापूर्वक लिने बताएको छ र दोषी पाइएमा प्रशासनिक, अनुशासनात्मक तथा कानुनी कारबाही प्रक्रिया थालिने स्पष्ट पारेको छ।

## टेक्सासमा बाढीका कारण ज्यान गुमाउनेको संख्या १०० नाघ्यो

**टेक्सास** (एजेन्सी): टेक्सासमा विनाशकारी बाढीबाट मर्नेहरूको संख्या सोमबार एक सयभन्दा बढी पुगेको छ। उद्धारकर्ताहरूले पानीको धारले बगाएका मानिसहरूको खोजी जारी राखेका छन्।

मृतकमध्ये कम्तीमा २७ जना बालबालिका र सल्लाहकारहरू थिए। उनीहरू जुलाईको चौथो बिदाको सप्ताहन्तमा प्रकोप हुँदा नदीको किनारमा रहेको युवा ग्रीष्मकालीन शिविरमा बसिरहेका थिए। पूर्वानुमानकर्ताहरूले जलमग्न जमिनमा वर्षा हुँदा थप बाढीको चेतावनी दिएका छन्। वर्षाले हेलिकप्टर, डुंगा, कुकुर र करिब १ हजार ७ सय ५० जना कर्मचारी समावेश भएको उद्धार प्रयासलाई जटिल बनाएको छ।

'अझै पनि बाढी निम्त्याउने सम्भावनासहित भारी वर्षाको खतरा छ', टेक्सासका गभर्नर ग्रेग एबोटले सोमबार एक विज्ञप्तिमा भने। पीडितहरूको संख्या अझै बढ्ने अनुमान गरिएको छ। राष्ट्रपति डोनाल्ड ट्रम्पले शुक्रबार टेक्सास भ्रमण गर्ने योजना बनाएको पुष्टि गरे। ह्वाइट हाउसले आलोचकहरूलाई मौसम एजेन्सीहरूमा उनको कटौतीले चेतावनी प्रणालीलाई कमजोर पारेको दाबी गरेको थियो।

# विदेशी विनिमय सञ्चिति जीडीपीको ४२.१ प्रतिशत

**ममता थापा** | *काठमाडौं*

बाह्य क्षेत्रमा निरन्तर सुधारसँगै आन्तरिक अर्थतन्त्रमा पनि सुधारका संकेत देखिन थालेका छन्। विदेशी मुद्राको सञ्चिति चुलिँदै गएको छ। रेमिट्यान्स निरन्तर बढ्दै जानु, आयात धेरै नहुनु, पर्यटक वृद्धि हुँदै जानु, प्रत्यक्ष वैदेशिक लगानीमा झिनो सुधार हुँदै जानुले विदेशी मुद्राको सञ्चिति चुलिएको हो। नेपाल राष्ट्र बैंकले मंगलबार सार्वजनिक गरेको ११ महिनाको मुलुकको आर्थिक तथा वित्तीय स्थितिअनुसार कुल विदेशी विनिमय सञ्चिति कुल गार्हस्थ्य उत्पादन (जीडीपी)सँगको अनुपात ४२.१ प्रतिशत पुगेको छ। यससँगै यस्तो सञ्चिति कुल आयातसँगको अनुपात १२२.९ प्रतिशत र विस्तृत मुद्राप्रदाय सँगको अनुपात ३४.१ रहेको छ।

गत असारमा कुल विदेशी विनिमय सञ्चिति २० खर्ब ४१ अर्ब १० करोड बराबर थियो। यसपछिको ११ महिनाको अन्तरमा २५.९ प्रतिशतले वृद्धि भई ०८२ जेठसम्म २५ खर्ब ६९ अर्ब ३८ करोड रुपैयाँ पुगेको छ। यसबीचमा ५ खर्ब २८ अर्ब २८ करोड रुपैयाँ थपियो। अमेरिकी डलरमा यस्तो सञ्चिति गत असार मसान्तमा १५ अर्ब २७ करोड थियो। ०८२ जेठसम्म २२.२ प्रतिशतले वृद्धि भई १८ अर्ब ६५ करोड पुगेको छ। कुल विदेशी विनिमय सञ्चितिमध्ये राष्ट्र बैंकमा २२ खर्ब ७४ अर्ब ४७ करोड र अरू बैंक तथा वित्तीय संस्थासँग २ खर्ब ९४ अर्ब ९२ करोड पुगेको छ। उक्त कुल सञ्चितिमा भारतीय मुद्राको अंश २०.५ प्रतिशत छ भने बाँकी अन्य मुद्रा छ।



- थुप्रिँदै विदेशी विनिमय सञ्चिति, ११ महिनामा २५ खर्ब नाघ्यो
- १४.७ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त
- निजी क्षेत्रमा जाने कर्जामा सुधार तर डोमेस्टिकमा कम

आर्थिक वर्ष ०८१/८२ को ११ महिनाको आयातलाई आधार मान्दा बैंकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति १७.६ महिनाको वस्तु आयात र १४.७ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त हुन्छ।

रेमिट्यान्स चुलिँदै जानु र आन्तरिक बजारमा माग अझै बढ्न नसकेकाले विदेशी विनिमय सञ्चिति थुप्रिँदै गएको बताउँछन्, नेपाल राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशक नरबहादुर थापा। सञ्चिति बढ्नु भनेको मुलुकको आयात धान्न सहज छ भन्ने सकारात्मक सन्देश हो। तर, सधैं सञ्चिति थुप्रिरहनुले बजारमा मागको कमी भएको संकेत हुने थापाको भनाइ छ। 'निरन्तर सञ्चितिको आकार बढिरहेको छ। सधैं सञ्चिति थुप्रिरहनुले पनि बजारमा मागको कमी भएको भन्ने हुन्छ। सञ्चिति थुप्रिनु राम्रो होइन,' उनले भने।

### ११ महिनामा रेमिटयान्स १५ खर्ब ३२ अर्बमाथि

रेमिट्यान्स महिनैपिच्छे उल्लेख्य रूपमा वृद्धि भइरहेको छ। आर्थिक वर्ष ०८१/८२ को ११ महिनामा विप्रेषण आप्रवाह १५.५ प्रतिशतले वृद्धि भई १५ खर्ब ३२ अर्ब ९३ करोड पुगेको छ। गत वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह १७.२ प्रतिशतले बढेको थियो। अमेरिकी डलरमा विप्रेषण आप्रवाह १२.७ प्रतिशतले वृद्धि भई ११ अर्ब २५ करोड पुगेको छ। जेठ महिनामा मात्रै १ खर्ब ७६ अर्ब ३२ करोड रेमिट्यान्स भित्रिएको छ। अघिल्लो वर्षको सोही महिनामा यस्तो आप्रवाह १ खर्ब २८ अर्ब ९१ करोड रहेको थियो। महिनैपिच्छे वैदेशिक रोजगारमा गएकाहरूबाट विदेशी मुद्रा भित्रिएको खुसी मनाउने गरिए पनि बाहिरिने स्रोत नियन्त्रित हुन नसक्दा भविष्यमा जोखिम आउन सक्ने अर्थविद्हरू औंल्याउँछन्। यसअवधिसम्ममा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको संख्या ४ लाख ५२ हजार ३२४ र पुन: श्रम स्वीकृति लिनेको संख्या ३ लाख ८ हजार ६७ रहेको छ।

विश्वका जुनसुकै मुलुकमा पनि युवा परिचालनबाटै मुलुकको विकास भएको बताउँदै अर्थविद् डा.डिल्लिराज खनाल वैदेशिक रोजगार तत्कालीन राम्रो भए पनि दीर्घकालीन रूपमा मुलुकलाई हित नहुने बताउँछन्। उनका अनुसार युवालाई राष्ट्र निर्माणमा लगाउनुपर्ने हो, बाध्य भएर कमाउन विदेशी रहँदा मुलुकको जग्गा जमिन बाँझिएका छन्।

यद्यपि विप्रेषणको आकार राम्रै छ, जहिलेसम्म रेमिट्यान्स ठीक ढंगले आउँछ, त्यसलाई सही रूपमा सदुपयोग गर्न सके मात्रै मुलुकले मुहार फेर्ने उनको भनाइ छ। 'तर, विश्व अस्थिर भैरहेकाले कुनै मुलुकमा रोजगारी रोकियो भने धेरैमा भयावह अवस्था हुन्छ,' उनले अन्नपूर्णसँग भने।

» बाँकी पृष्ठ ६